**नेपाल सरकार**
**वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**वाणिज्य विभाग**

वाणिज्य विभाग र जिल्ला स्थित वाणिज्य कार्यालयबाट २०६८ असोज महिनामा सम्पन्न भएको वजार अनुगमन र उपभोक्ता हित सम्वन्धी कार्यको प्रगति विवरण

१. <u>वाणिज्य विभागले काठमाडों उपत्यकामा गरेको बजार अनुगमन विवरण</u>

**१.१ अनुगमन गरिएको पटक र व्यवसाय संख्या**

वाणिज्य विभागको संयोजकत्वमा खटिएको बजार अनुगमन टोलीले काठमाडौ जिल्लाका विभिन्न स्थानमा गरी जम्मा ६७ वटा व्यवसायको अनुगमन गरेको ।

**१.२ अनुगमन गरिएको वस्तु/सेवाहरु**

खाद्यान्न, पेट्रोलियम पदार्थ, एल.पी. ग्याँस, पानी, अस्पताल, मिठाई, विद्यालय, नापतौल र अन्य

**१.३. अनुगमन गरिएका क्षेत्रहरु**

असन, न्यूरोड, मखन, कालीमाटी, कोटेश्वर, कलंकी, वनस्थली, वालाजु, सोरखुट्टे, नयाँवजार, जडीवुटी, नरेफाँट, कुलेश्वर, पुतलीसडक, चावहिल, तिनकुने, सितापाईला, वानेश्वर, असन, महाराजगञ्ज, जोरपाटी, सुनधारा, मैतीदेवी, कमलपोखरी, नक्साल, जमल, कमलाक्षी, मनमैजु आदि ।

**१.४. अनुगमनको सिलसिलामा गरिएको कार्य तथा दिइएका निर्देशनहरु**

१.४.१ अत्यावश्यक उपभोग्य वस्तुहरुको आपूर्ति व्यवस्था, वितरण व्यवस्था, तौल परीक्षण, गुणस्तरपरीक्षण, स्टक व्यवस्था, मूल्य व्यवस्था लगायतका विभिन्न कुराहरुको अनुगमन गरी ऐन नियम बमोजिम उपभोक्ताहरुलाई हित पुऱ्याउन गर्नुपर्ने कुराहरु सम्झाई आवश्यकतानुसार विभिन्न निर्देशनहरु दिइएको ।

१.४.२ साइनवोर्ड नराखेका व्यवसायीहरुलाई यथाशीघ्र साइनवोर्ड राख्न निर्देशन दिइएको ।

१.४.३ व्यवसायीहरुलाई PAN/VAT मा दर्ता गरी कारोवार संचालन गर्न निर्देशन दिइएको ।

१.४.४ मूल्यसूची नराख्ने विभिन्न व्यवसायीहरुलाई तुरुन्त मूल्यसूची राख्न र मूल्यसूची अद्यावधिक नगर्ने व्यवशायीहरुलाई तुरुन्त अद्यावधिक गर्न निर्देशन दिइएको ।

१.४.५ मूल्यसूची संकलन कार्य गरेको ।

## १.५ कारवाहीको विवरण

त्रिभूवन विमानस्थलस्थित काउण्टरमा कम तौलका मेशिन राखी उपभोक्तालाई हानी पुर्‍याउने कार्य गरेको सम्वन्धमा तारा एयर प्रा. लि., वुद्ध एयर प्रा. लि., यति एयर प्रा. लि., सीता एयर प्रा. लि. र अग्नि एयर प्रा. लि. लाई तीन दिने स्पष्टीकरण सोधी कारवाही अगाडि वढाइएको ।

कमसल गुणस्तरको खानेपानी उत्पादन र विक्री वितिरण गरी उपभोक्ताको जीउ ज्यान र स्वास्थमा असर पुर्‍याएको सम्वन्धमा स्वस्तिक वेभरेज प्रा. लि. भौखेल ८ भक्तपुर विरुद्ध मुद्धा चलाउन रायको लागि मिसील जिल्ला सरकारी वकील कार्यालय काठमाण्डौं पठाएको ।
मिति २०६८।६।१६ गते वढी मूल्य लिई गुणस्तरहिन खाद्य सामग्री विक्री वितरण गर्ने धादिङ्गस्थित ३ वटा होटल र गुणस्तरहिन पानी उत्पादन र बिक्री वितरण गर्ने नृवेश्वर वाटर प्रा. लि. लाई सीलवन्द गरी आवश्यक कारवाहीको लागि जिल्ला प्रशासन कार्यालय, धादिङ्गमा लेखी पठाएको ।

अन्य ग्याँसको खाली सिलिण्डर ठूलो मात्रामा राखेकोले वावा ग्याँसलाई स्पष्टीकरण सोधेको । एल. पि. ग्याँसको विक्री डिपो र पेट्रोलपम्प एकै स्थानमा राखी कारोवार गरेकोले मनोज ग्याँस, एभरेष्ट ग्याँस र श्रीकृष्ण ग्याँसलाई स्पष्टीकरण सोधेको ।

हिमाल मिट प्रडक्ट प्रा. लि. का. म. न. पा. नरेफाँटमा खाद्य अनुज्ञापत्र नलिई, फोहोर ठाउँमा ससेज उत्पादन गर्ने गरेको पाइएकोले नमुना परीक्षणको लागि ससेजको नमुना लिइ उक्त प्रा. लि. मा शीलवन्द गरी कारवाही अगाडि वढाइएको । वालाजु वनस्थली स्थित कण्ट्री फर्म हाउसमा खाद्य अनुज्ञा पत्र नलिइ ससेज उत्पादन गर्ने गरेकोले विक्री वितरण रोक्का राखिएको ।

गोदाम नदेखाई गोदाममा वस्ने मानिस भागेकोले कूलेश्वरस्थित दुइवटा खाद्य गोदाममा शीलवन्दी गरिएको ।

अनुगमन गर्दा दर्ता प्रमाण पत्र र खाद्य अनुज्ञा पत्र नभएको र सम्वन्धित व्यक्ति उपस्थित नभएकोले पवित्र गोसाईंकुण्ड खानेपानी उद्योग, मनमैजुमा शिलवन्दी गरि कारवाही अगाडि वढाइएको ।

साना सिलिण्डरमा अवैध रुपमा आफै ग्याँस भरी बिक्री वितरण गरेकोले साना ६ थान सिलिण्डरको विक्री वितरण रोक्का राखिएको ।

चावहिल मित्रपार्कस्थित मित्र ग्याँस स्टोरले साना सिलिण्डरमा अवैध रुपमा आफै ग्याँस भरी विक्री वितरण गर्ने गरेकोले छ थान सानो ग्याँस सिलिण्डरको विक्री रोक्का राखी कार्वाही अगाडि वढाइएको ।

किचन अत्यन्तै फोहोर राखी, अनुज्ञा पत्र नलिई संचालन भएको राहुल मिठाई भण्डार एण्ड चार्ट हाउस सतुंगललाई उत्पादन र बिक्री वितरणमा रोक लगाई कार्वाही अगाडि वढाइएको ।

म्याद सकिएका, सडेगलेका, कुहिएका, लेवल नभएका मासु, मिठाई, खाद्यान्न, खानेपानी, मिठाई लगायतका वस्तु नष्ट गरिएको ।

**१.६ गोष्ठी एवं तालिम**

मिति २०६८।६।२ गते प्रतिस्पर्धा प्रवर्द्दन वोर्डको वैठक र मिति २०६८।६।१० गते उपभोक्ता संरक्षण परिषदको वैठक वसेको ।

१.७ उपभोक्ता हित सम्वन्धी सामाग्री प्रचार प्रसार

**पत्रपत्रिकाबाट ३० पटक प्रचारप्रसार भएको ।**

**१.८ जिल्ला अनुगमन (वाणिज्य विभागबाट)**

१४ व्यावशाय

**१.९ नमूना संकलन**

१५ वटा

**१.१० मूल्यसूची संकलन**

४ पटक मूल्यसूची संकलन गर्ने कार्य भएको ।

**१.११ उपभोक्ता शिक्षा**

**१.१२ वाणिज्य कार्यालयहरुबाट भएको जिल्ला अनुगमन**

५ वाणिज्य कार्यालयहरुवाट वजार अनुगमन र मूल्यसूची विवरण प्राप्त भइरहेको ।

**१.१३ अन्य जिल्लाका निरीक्षण अधिकृतहरुबाट प्राप्त जानकारी**

विभिन्न जिल्लाका निरीक्षण अधिकृतहरुवाट वजार अनुगमन विवरण प्राप्त भइरहेको ।